# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा
१ नं. प्रदेश, नेपाल

प.स. २०७७/०७८
च.नं.: ८१६

मिति : २०७७/०८/१७

विषय : निर्देशन कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री पञ्जीकरण शाखा, कचनकवल गा.पा., झापा ।
श्री स्थानीय पञ्जीकाधिकारी ज्यू, सवै वडा कार्यालय, कचनकवल गा.पा., झापा ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १७५ मिति २०७७०८१६ गतेको कन्सुलर प्रमाणीकरण सम्बन्धमा नेपाल सरकार, परराष्ट्र मन्त्रालय कन्सुलर सेवा विभाग, काठमाडौंको पत्र यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । पत्रानुसारको प्राप्त निर्देशन आवश्यक कार्यान्वय गर्नहुन अनुरोध छ ।

०८।१६

कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री कन्सुलर सेवा विभाग, काठमाडौं ।
श्री वडा कार्यालय सवै, कचनकवल गा.पा., झापा ।
श्री सूचना प्रविधि शाखा, वेवसाईडमा अपलोड गरिदिनुहुन ।

इमेल: kachankawala@gmail.com, ito.kachankawalmun@gmail.com
वेबसाइट: www.kachankawalmun.gov.np फोन नं.: ९८५२६५५२१०
"व्यवसायिक कृषि र उधममा आधारित पर्यटकीय पूर्वाधार - शिक्षा, स्वास्थ्य र यातायात सञ्जाल कचनकवलको समृद्धिको आधार"

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
# कन्सुलर सेवा विभाग

दर्ता नं.- ३८६२
मिति - २०७७।५।१

काठमाण्डौ
नेपाल सरकार
परराष्ट्र मन्त्रालय
कन्सुलर सेवा विभाग

प्रशासन शाखा

प.सं.: कन/४/२०७६/७७
मिति:२०७७/०५/०५

च.नं.CSCADM7710087

(अत्यन्त जरुरी)

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

श्री स्थानीय तह डि.

विषय: कन्सुलर प्रमाणीकरण सम्वन्धमा ।

उपर्युक्त सम्बन्धमा केन्द्रीय पञ्जीकरण विभागको च.नं. १०१७ मिति २०७४/०२/०३ को र यस विभागको च.नं. CSCADM७६२००९४ मिति २०७६/०९/२० को संलग्न पत्रहरुको सन्दर्भमा तहाँ मन्त्रालयवाट देहायवमोजिमको थप व्यवस्थाका लागि निर्देशानुसार अनुरोध छः

मिति:- २०७७।०८।१५

देहायः
स्थानीय निकायहरुबाट जारी हुने जन्मदर्ताको प्रमाणपत्र, विवाहदर्ताको प्रमाणपत्र, अविवाहित प्रमाणपत्र, मृत्यु दर्ताको प्रमाणपत्र लगायत अन्य कागजातहरु विदेशमा प्रयोग हुने प्रयोजनका लागि यस विभागवाट कन्सुलर प्रमाणीकरण (Consular Attestation) भइरहेको व्यहोरा अवगतै छ । सो सम्वन्धमा दे  पञ्जीकरण विभागको च.नं. १०१७ मिति २०७४/०२/०३ गतेको सवै स्थानीय तहहरुलाई गरिएको निर्देशन अनुसार यस विभागमा प्रमाणीकरणका लागि पठाउनु पूर्व गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको केन्द्र वा वडाको स्थानीय पञ्जीकाधिकारीवाट जारी भएका विभिन्न कागजातहरुमा सम्वन्धित गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको कार्यकारी अधिकृत वा पञ्जिकरण शाखा हेर्ने अधिकृतस्तरको शाखा प्रमुख वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीवाट अनिवार्य रुपमा प्रमाणीकरण (Verify) गराएर पठाउनु पर्ने व्यवस्था रहेकोमा विभिन्न स्थानीय तहहरुबाट जारी कागजातहरुमा सो नभई वडाध्यक्ष तथा गाँउपालिका अध्यक्ष/मेयरवाट प्रमाणीकरण भइ आएको कारण दैनिक रुपमा कैयौं सेवाग्राहीहरु फर्केर जानु पर्ने अवस्था रहेकोले स्थानीय निकायको वडा कार्यालयवाट जारी कागजातहरुलाई सम्वन्धित गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको कार्यकारी अधिकृत वा पञ्जिकरण शाखा हेर्ने अधिकृतस्तरको शाखा प्रमुख वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीवाट मात्र अनिवार्य रुपमा प्रमाणीकरण (Verify) गरेर पठाउने व्यवस्था हुन ।

(सुजनी राना)
कन्सुलर अधिकृत

बोधार्थः
श्रीमान् सचिवज्यू,
परराष्ट्र मन्त्रालय, सिंहदरबार ।